अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

धवलागिरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ०१ मितिः २०८१/०७/२९

## भाग २

## धवलागिरी गाउँपालिका

### गाउँ कार्यपालिकाको स्वीकृतिबाट जारी

## धवलागिरी गाउँपालिकाको

**धवलागिरी गाउँपालिका कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८१**

६. कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०५/२७

राजपत्रमा प्रकाशित मितिः २०८१/०७/२९

मोति प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

## "धवलागिरी गाउँपालिका कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८१"

कार्यपालिका बाट स्वीकृत २०८१/५/२७

परम्परागत कृषि प्रणालीलाई विकसित र व्यवस्थित गरी वैज्ञानिक प्रविधिको अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण, बजारीकरण, व्यवसायीकरणमार्फत औद्योगिकीकरणका निमित्त कृषकहरूलाई नयाँ प्रविधितर्फ आकर्षित र उत्प्रेरित गर्न, सोको अभ्यास गराउँदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरुप कृषि प्रविधिलाई सरल र सहजरुपमा कृषकमाझ पुर्याउन कृषकहरूको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक समूह गठन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११ को उपदफा २ (ण) (द) बमोजिमले दिएको अधिकार प्रयोग गरी **"धवलागिरी गाउँपालिका कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८१"** तयार गरी लागु गरिएको छ।

### परिच्छेद १

### प्रारम्भिक

**क) संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नामः "धवलागिरी गाउँपालिका कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८१" हुनेछ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि तुरुन्त लागु हुनेछ।

**ख) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. **"कृषक समूह"** भन्नाले व्यवसायिक कृषि प्रणाली अवलम्वन गर्ने उद्देश्यको लागि गठन भएका १५ वा सो भन्दा बढी कृषकहरूको समूहलाई बुझाउनेछ।

२. **"गाउँपालिका"** भन्नाले धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुना, म्याग्दीलाई सम्झनु पर्दछ।

३. **"शाखा"** भन्नाले धवलागिरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको कृषि शाखा र पशु सेवा शाखालाई सम्झनु पर्दछ।

४. **"अध्यक्ष"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको अध्यक्षलाई सम्झनु पर्दछ।

५. **"उपाध्यक्ष"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको उपाध्यक्षलाई सम्झनु पर्दछ।

६. **"कोषाध्यक्ष"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको कोषाध्यक्षलाई सम्झनु पर्दछ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

७. "सचिव" भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको सचिवलाई सम्झनु पर्दछ।

८. "सदस्य" भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको सदस्यलाई सम्झनु पर्दछ।

९. "सेवा केन्द्र" भन्नाले धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने कृषि तथा पशु सेवा प्रसार कार्यको लागि कृषकहरूले सम्पर्क गर्ने फिल्ड स्तरमा रहेका कृषि वा पशु शाखाको ईकाइ कार्यालयलाई सम्झनु पर्दछ।

१०. "कार्यालय प्रमुख" भन्नाले धवलागिरी गाउँपालिका, गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

११. "शाखा प्रमुख" भन्नाले धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कृषि शाखा वा पशु सेवा शाखा प्रमुखलाई सम्झनु पर्दछ।

१२. "बैठक" भन्नाले कृषक समूहको बैठकलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## कृषक समूह गठन उद्देश्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोके बमोजिम विभिन्न कृषि सम्बन्धी कार्यहरूको सम्पादनका लागि कृषकहरूका माझ गरिने उन्नत कृषि प्रविधि प्रचार प्रसार कार्यलाई सहज तुल्याउन, कृषकहरूको कृषि सम्बन्धी निर्णय क्षमता र नेतृत्व विकास गर्न, कृषक बचत मार्फत सामुदायिक बचत र सामुदायिक पूँजीको विकास लगायतका कार्यहरू मार्फत कृषिको व्यवसायीकरणका निमित्त सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरूमा सेवा प्रवाहका लागि कृषक समूह सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा कृषक समूह गठन गर्नु आवश्यक रहेको छ। यस कार्यविधि बमोजिम गठन हुने समूहको उद्देश्य तथा कार्यहरू निम्न अनुसार हुनेछन्ः

१. समूह सदस्यहरूको बसोबास रहेको भौगोलिक गाउँ टोल क्षेत्र जलवायु सुहाउँदो पशुपालन तथा कृषि वालीनालीहरूमा व्यवसायीकरण र विविधीकरणका नयाँ प्रविधि अपनाउदै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।

२. समूहमा उन्नत वीउ विजन तथा रासायनिक मल लगायत कृषि तथा पशुपन्छी उत्पादन सामग्रीहरूको व्यवस्थापन गर्ने।

३. खेतीयोग्य जमिनमा सिंचाइको व्यवस्थापन गर्ने।

मोति प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

४. प्राङ्गारिक उत्पादनमा जोड दिने।

५. कृषि सामग्री तथा कृषि उपजहरूको बजारीकरणका कार्यहरू गर्ने।

६. कृषि उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरण एवम् पशु प्रजननका कार्यहरू, पशु आहारा, पशु स्वास्थ्य र पशुपन्छीको बजारीकरण एवम् पशु सेवा प्रविधिको प्रसारका कार्यहरू गर्ने।

७. गोठ तथा भकारो सुधार गर्ने।

८. मौरी पालन तथा च्याउ खेती गर्ने।

९. वैमौसमी तथा मौसमी तरकारीहरूको उत्पादन र बजारीकरण गर्ने।

१०. नयाँ प्रविधिहरूको परीक्षण गर्ने।

११. सरकारी तथा गैर-सरकारी एवम् समुदायमा आधारित निकायहरूसँगको साझेदारी र सहकार्यमा कृषि विकास सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने।

१२. जैविक विविधताको संरक्षण, सम्वर्द्धन, विकासका सबै कार्यक्रमहरूको सञ्चालन गर्ने।

१३. कृषि, वन, वातावरण संरक्षण सम्वर्द्धन र विकासका सबै कार्यक्रमहरू सञ्चालन गर्ने।

१४. मासिक बचत र परिचालन गर्ने।

१५. समूहले तोके वमोजिमका कृषि विकास सम्वन्धी अन्य विविध कार्यहरू गर्ने।

## परिच्छेद ३

## कृषक समूह गठन तथा समूह दर्ता

**१. समूहमा कृषक संख्याः** खेतीयोग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरी जग्गाको भोगचलनकर्ताहरू वा एकै उद्देश्यका लागि कृषि वा पशुपालन गरी आएका वा गर्ने १५ वा सो भन्दा वढी कृषकहरू स्वःस्फुर्त रूपमा आफैं वा कार्यालयको प्राविधिकको सहयोगमा एक घरधुरी एक मात्र सदस्य रहने गरी कृषक समूह गठन गर्न सकिनेछ।

**२. कार्यालयबाट सहजीकरणः** उन्नत कृषि प्रणाली अपनाउनका लागि कृषक समूह गठन गरी कृषि प्रसार कार्यक्रममा सहभागी हुने कृषकहरूबाट अनुरोध भएमा सम्बन्धित प्राविधिकले कृषक समूह गठन तथा परिचालन कार्यमा सहजीकरण गर्नेछन्।

मालिका गाउँपालिका
कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

**३. स्टेशनरी सहयोगः** समूह गठन गर्नका लागि कार्यालयले समूह बैठकका लागि रजिष्टर, कलम फाइलहरू लगायत स्टेशनरी खर्चका लागि गाउँपालिकाको बजेट उपलब्ध भएसम्म सहयोग गर्न सकिनेछ।

**४. समूह दर्ताको लागि निवेदन हुनुपर्नेः** समूहबाट तयार गरिएको विधानको सबै पानामा समूहका सबै सदस्यहरूबाट प्रमाणित गरी सम्बन्धित वडा कार्यालको सिफारिस सहित अनुसूची १ बमोजिम निवेदन दिनुपर्नेछ। यस अघि जिल्ला कृषि विकास कार्यालय वा अन्य कुनै संघसंस्थाहरूमा दर्ता भएको समूहको हकमा पूराना प्रमाणपत्रहरू तथा प्रगति देखिने अन्य कागजातहरू समेत संलग्न राख्नुपर्नेछ।

**५. समूहको आफ्नो विधान र छाप हुनुपर्नेः** समूहको विधानको साथमा समूह बैठकको निर्णय, समूह दर्ताको लागि कार्यालयलाई लेखिएको पत्र र अनुसूची २ बमोजिमको सदस्य कृषकहरूको विवरण संलग्न राख्नु पर्नेछ। समूहले आफ्नो विधान तयार गर्नका लागि मस्यौदा विधान कार्यालयबाट प्राप्त गर्न सकिनेछ। उक्त मस्यौदालाई आफ्नो भौगोलिकता र उद्देश्य अनुकुल परिमार्जन गर्ने सकिनेछ। समूहको आफ्नै छाप हुनुपर्नेछ।

**६. सर्व सहमति र सहमति, समूहको निर्णयको आकारः** समूह गठन गर्दा समूहमा रहने विभिन्न पदाधिकारीहरू सर्व सहमतबाट चयन हुनेछन्। कुनै किसिमले सर्वसहमत हुन नसकेमा प्रचलित व्यवस्था बमोजिम निर्वाचनद्वारा सदस्यहरूबाट पदाधिकारीहरू चयन गरिने छन। यसरी निर्वाचनमा समूहको अनुरोधमा वडा कार्यालयबाट सहजिकरण हुन सक्नेछ।

**७. समूह दर्ता गर्नुपर्नेः** उपरोक्त बमोजिम दर्ता हुन आएको निवेदन उपर कार्यालयले आवश्यक प्रक्रिया पुरा गरेमा अनुसूची ३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गर्नेछ। समूह दर्ता गरी कृषक समूह दर्ता प्रमाण पत्र उपलब्ध गराइनेछ। यसरी वडा कार्यालयबाट समूह दर्ताको सिफारिस गर्दा निःशुल्क सिफारिस गर्ने र गाउँपालिकाबाट दर्ता प्रमाणपत्र उपलब्ध गराउँदा दर्ता गर्दा लाग्ने दस्तुर/शुल्क आ.व. गाउँ कार्यपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ।

**८. समूह दर्ता प्रमाण पत्रः** कार्यालयको निर्णयानुसार दर्ता गरिने कृषक समूहलाई अनुसूची ३ बमोजिमको ढाँचामा समूह दर्ता प्रमाणपत्र दिइनेछ। समूह दर्ता प्रमाण पत्र प्राप्त गरेपछि कार्यालयमा सोको अभिलेखीकरण भएको मानिनेछ। समूह दर्ता भएपछि यस्ता समूहसँग गाउँपालिकाबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा सहकार्य तथा सहभागी गराइनेछ।

**९. नवीकरणः** कृषक समूहले आफ्नो कृषक समूह दर्ता प्रमाण-पत्रको नवीकरण गर्नु पर्नेछ। यसको लागि कृषक समूहले प्राप्त गरेको कृषक समूह दर्ता प्रमाण-पत्र,लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता सहितको निवेदेन कृषि/पशु सेवा शाखामा म्याद सकिएको ३५ दिनभित्र पेश गर्नुपर्नेछ र सोको लागि कार्यालयले तोके बमोजिमको राजस्व शुल्क लिई नविकरण गर्नु पर्नेछ । म्याद सकिएको ३६ औं

... प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

दिन देखि एक वर्ष भित्र कार्यालयले तोके बमोजिमको नवीकरण शुल्क लिई नवीकरण गर्न सकिनेछ । एक वर्षसम्म पनि नवीकरण नगरेको अवस्थामा प्रति वर्ष कार्यालयले तोके बमोजिमको थप नवीकरण शुल्क थप हुँदै जानेछ ।

## परिच्छेद ४

## कृषक समूह परिचालन

१. मासिक बैठक बस्नु पर्ने: समूह गठन पश्चात कृषकहरू आफ्नो कृषि कार्यहरूका बारेमा छलफल गर्न नियमित रूपमा महिनाको कम्तिमा १ पटक समूह बैठक अनिवार्य रूपमा बस्नु पर्नेछ। साथै समूहको आवश्यकता अनुसार अन्य समयमा जुनसुकै बेला पनि समूहको बैठक बस्न सक्नेछ।

२. समूह बचत र परिचालन: बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरूले मासिक बचत रकम जम्मा गर्नेछन्। समूह बचत कोषबाट कृषि परियोजनाको लागि विधानले तोकिए बमोजिमको ब्याजदरमा सदस्यहरूले ऋण लिन पाउनेछन्।

३. समूहको बैंक खाता सञ्चालन: नजिकको बैंकमा समूहको खाता खोलिनेछ, जसमा समूहको निर्णयानुसार कम्तीमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतमा बैंक खाता सञ्चालन गरिनेछ।

४. बाली पात्रो/कार्ययोजना तयार गर्ने: समूहमा सदस्यहरूले प्राविधिकको सहयोगमा बाली पात्रो एवम् पशुपालनका लागि आवधिक (मासिक/चौमासिक/वार्षिक) कार्ययोजना तयार गर्नुपर्नेछ। तयार भएको कार्ययोजना अनुसार समूह सदस्यले बाली तथा पशुपन्छी उत्पादन र बजारीकरणका कार्ययोजना अवलम्बन गर्नेछन्।

५. समूहको निर्णय समूह पञ्जिकामा गरिनुपर्ने: समूहमा आइपर्ने प्राविधिक समस्याहरू सम्बन्धित प्राविधिकको सहयोगमा समाधान गरिनेछन्। समूहमा आइपर्ने अन्य समस्याहरू समूहको निर्णय अनुसार समाधान गर्नुपर्नेछ। सोअनुसार हुन नसकेमा प्रचलित व्यवस्था अनुसार हुनेछ। समूहको अनुरोधमा कार्यालयबाट सोको सहजीकरण गर्न सकिनेछ।

६. समूहको रेकर्ड: समूहको एक फाइल कृषि शाखामा रहनेछ। जसमा समूहको निर्णय विभिन्न कार्यक्रमहरूमा सहभागी भएको रेकर्डहरू समूहको बैंक खाताको स्टेटमेन्ट आदि रहनेछन्। समूहले पनि आफ्ना क्रियाकलापहरूको रेकर्ड अद्यावधिक गरी राख्नुपर्नेछ।

७. खेती खर्चको विवरण राख्नुपर्ने: समूहका प्रत्येक सदस्यले आफुले लगाएको बाली तथा पशुपालन कार्यको उत्पादन, भण्डारण, ढुवानी, बजारीकरण लगायतका प्रयोजनका लागि गाउँपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ।

८. प्रगति प्रतिवेदन र समिक्षा: समूहले प्रत्येक मासिक बैठकमा गरिएका निर्णयहरूको कार्यान्वयन अवस्था, प्राप्त भएको उपलब्धि र प्रगतिहरू, परी आएका समस्याहरू समस्या समाधानका लागि गरिएका प्रयास र सोको प्रतिफल, बालीनालीको अवस्था, बालीनाली लगाउँदा भएको खर्च र बाली कटान उपरान्त बिक्री गरी भएको आम्दानी आदि कार्यहरूको चौमासिक समिक्षा गर्नुपर्नेछ।

९. समूहमा मेलमिलाप हुनुपर्ने: समूहका सदस्यहरूले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्नेछ। यस समूहका बैठकहरूमा समूहका सदस्यहरूको निजी वैयक्तिक विषयहरू उपर छलफल गर्दा उपयुक्त हुन्छ भन्ने समूहलाई लागेमा यस्ता विषय समेत छलफल गरी सामाजिक सदभाव, सहकार्य, साझेदारिता वृद्धिमा योगदान गर्न सक्नेछन्।

१०. कृषि उत्पादन सामग्री तथा कृषि उपज सामग्रीहरूको बजार व्यवस्थापन: समूहले कृषि उत्पादन सामग्रीको व्यवस्थापनको लागि प्रचलित कानुन बमोजिम अनुमति लिई बीउ बिजन, प्राङ्गारिक तथा रासायनिक मल, सिँचाईका सामाग्रीहरू, कृषि उपज सँग सम्बन्धित सम्पूर्ण सामग्रीहरूको व्यवस्थापन र व्यापारिक कारोबार गर्न सक्नेछ। त्यसै गरि आफ्नो समूह भित्र वा बाहिर कृषकहरूले उत्पादन गरेका कृषि उपज सामग्रीहरूको प्रशोधन र बजारीकरणका कार्यहरू समेत गर्न सक्नेछन्।

११. गाउँपालिकाको कार्यक्रममा सरिक हुनुपर्ने: कृषक समूहले गाउँपालिकाबाट सञ्चालन हुने कुनै पनि किसिमका कृषि वा गैर कृषि कार्यक्रमहरूलाई सफल पार्न यथाशक्य सहयोग गर्नुपर्नेछ।

१२. अन्तर समूह समन्वय समिति: विभिन्न समूहबाट प्रतिनिधित्व गरी अन्तर समूह समन्वय समितिको गठन गर्न सकिनेछ। समूह पद्धतिलाई विकसित गर्दै संस्थागत अभ्यास सुदृढ गर्नका लागि सबै समूहबाट १/१प्रतिनिधिहरू रहने गरी वडागत रुपमा अन्तर समूह समन्वय समितिको गठन गरिनेछ।

१३. गाउँपालिका कृषक मूल समिति: गाउँपालिकामा रहेका कृषकहरूको संजालका रुपमा गाउँपालिका भित्रका सबै कृषक समूहहरूका प्रतिनिधिमूलक संस्थाका रूपमा एक गाउँपालिका कृषक मूल समिति गठन गर्न सकिनेछ। यसको संचालन कार्यविधि तोकिए बमोजिम हुनेछ।

१४. कृषि सहकारीमा परिणत हुने: कृषक समूह गठन पश्चात समूहगत अभ्यासहरूको अनुभवको आधारमा सहकारीतामा परिणत हुन चाहेमा प्रचलित कानून अनुसार कृषि सहकारीमा परिणत हुन सक्नेछ। यस्तो अवस्थामा साबिक कृषक समूहले गरेका सबै कार्यहरू सोही सहकारी संस्थाबाट गरे सरह मान्य हुनेछ।

मोति प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

१५. अन्यलाई पनि ज्ञान बुझाउनुपर्नेः समूह गठन र कृषि प्रविधि अभ्यासको क्रममा पाएको र आफुमा भएको ज्ञान सो सम्बन्धी अभिरुची राख्ने अन्यलाई पनि बुझाउनु पर्नेछ। समूहले कृषि प्राविधिक र अन्य कृषकहरूको बीचमा सहजीकरणको कार्य पनि गर्न सक्ने छन्।

१६. समूहमा अन्य सामाजिक विषयहरूको सन्दर्भः सामाजिक न्यायको सिद्धान्तमा आधारित भई समूह सदस्यहरू नेतृत्व विकास उन्नत खेति प्रणालीको अवलम्बन, सामुदायिक स्वास्थ्य, शिक्षा, पर्यटन तथा रोजगारी प्रवर्द्धनका अन्य कार्यहरूमा पनि अभिरूचि लिनेछन् र समूह निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन।

१७. समूह बाहेक पनि कृषि विकास कार्यक्रमहरू सञ्चालन गर्न सकिनेः गाउँपालिकाबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समूह, कृषि सहकारी संस्थाहरु, कृषिमा आधारित गैरसहकारी संस्थाहरू, गाउँ तथा टोल समितिहरू, निजी व्यवसायीहरू, कम्पनी लगायत अन्य कुनै पनि सरोकारवालाहरू संस्था तथा निकायहरूसँग सहकार्यमा सञ्चालन गर्न सकिनेछ।

१८. गाउँपालिका क्षेत्र भित्र क्रियाशील सहकारी संस्थाहरूले कृषि तथा पशुपन्छी विकास सँग सम्बन्धित समूह गठन गरी कार्य गरेको अवस्थामा त्यस्ता समूहलाई यस निर्देशिका बमोजिम गठित समूह मानिनेछ।

## परिच्छेद ५

## कृषक समूहको नियमन र पारदर्शिता

१. वार्षिक लेखा परिक्षण र सार्वजनिक सुनुवाईः समूहले वार्षिक रूपमा नियमानुसार लेखा परिक्षण गराउनु पर्नेछ। लेखा परिक्षण प्रतिवेदनको एक प्रति कृषि तथा पशु सेवा शाखामा नवीकरण गर्ने समयमा उपलब्ध गराउनु पर्नेछ।

२. वार्षिक साधारण सभाः समूह गठन भई दर्ता भएको एक वर्ष भित्र र प्रत्येक वर्षमा समूहले साधारण सभाको आयोजना गर्नु पर्नेछ। साधारण सभामा वार्षिक कार्यक्रमहरूको प्रगति समिक्षा, वार्षिक आयव्ययको विवरण, आउँदो वर्षको कार्यक्रम तर्जुमा लगायत गाउँपालिकाको नियमानुसार सम्पादन गर्नुपर्ने कार्यहरू समेत पारित गर्नुपर्नेछ। यसको एक प्रति प्रतिवेदन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

३. अधिवेशन र विशेष अधिवेशन: समूहको सर्वोच्च अङ्ग समूहको साधारण सभा हुनेछ। साधारण सभ गर्ने अवधि समूहको विधान बमोजिम निर्धारण हुनेछ। विधानमा समूहले विशेष अधिवेशनको व्यवस्थ समेत गर्न सक्नेछ।

४. अन्य संघ संस्थाहरूसँगको समन्वय: समूहले अनुमति लिई कुनै अन्य संघ संस्थासँगको सहकार्यम कृषि प्रविधि अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरू सञ्चालन गर्न सक्नेछ।

५. समूहको अनुगमन: यस गाउँपालिकाको अनुगमन व्यवस्था बमोजिम गाउँपालिकाबाट, वडाबाट एवम गाउँपालिकासँगको समन्वयमा नेपाल सरकारका सबै निकायहरूले कृषक समूहका क्रियाकलाप एवम समूहका कागजातहरूको अध्ययन, अवलोकन र अनुगमन गरी पृष्ठपोषणहरू उपर समूह बैठकम छलफल गरी निर्णय गर्नु पर्नेछ।

## परिच्छेद ६

## विविध

१. समूह निष्कृयको अवस्था: लगातार ३ महिना सम्म मासिक बैठक नबसेमा, समूहले कृषि प्रसा कार्यमा अभिरूचि नराखेमा, अन्य विभिन्न कारणहरूले समूह निष्कृय भएको गुनासो प्रमाणित भएमा समू निष्कृय भएको मानिनेछ। यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमको लागि उक्त समूहसँग साझेदारी गर्न सकिने छैन्।

२. समूह विघटन हुन सक्ने: पटक पटक समूहको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा, सरका जायजेथा वा रकम हिनामिना वा दुरूपयोग गरेमा, समूह निष्कृय भएमा समूहको निर्णयानुसार समू विघटन गरिएमा, प्रचलित नियम विपरितका कार्यहरू गरेमा वडा कार्यालयको सिफारिसमा कार्यालयबा छानविन गरी समूह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ। विघटन पश्चात समूह सदस्यहरूबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा ब्याज वितरण गरिनेछ

३. संशोधन: आवश्यकता र औचित्याको आधारमा गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयानुसार कार्यविधि संशोधन गर्न सकिनेछ।

४. खारेजी: यस कार्यविधिमा भएका उल्लेखित कुराहरू प्रचलित कानुन बमोजिम बाझिएमा बाझिए हदसम्म स्वत: खारेज हुनेछ।

... प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

अनुसूची-१
(परिच्छेद ३ को दफा ४ सँग सम्बन्धित)

मितिः............/....../.......

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
धवलागिरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
मुना,म्याग्दी ।

विषयः समूह दर्ता गरी पाउँ।

उपरोक्त सम्बन्धमा धवलागिरी गाउँपालिकको वडा नं.......मा सामुहिक प्रक्रियाद्वारा कृषि तथा पशुपन्छी विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम हामी संगठित भई मिति .................... मा समूह गठन गरेका छौं। समूह गठन र परिचालन बारेमा "धवलागिरी गाउँपालिकाको कृषक समूह गठन तथा परिचालन सम्बन्धि कार्यविधि,२०८१" र प्रचलित कानून बमोजिम कार्य गर्ने छौं, यसै निवेदन साथ संलग्न तपशिल बमोजिमका कागजात पेश गरेका छौं। साथै नियमानुसार समूह दर्ता गरिदिनुहुन अनुरोध छ।

संलग्न कागजातहरू:
१. कार्य समितिका पदाधिकारीहरूको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी।
२. समूहको पहिलो बैठकको निर्णय प्रतिलिपी।
३. समूहको विधान २ प्रति।
४. अनुसूची २ बमोजिमको समूह सदस्यहरूको विवरण
५. सम्बन्धित वडा कार्यालयको सिफारिस।

निवेदक
दस्तखतः
समूह अध्यक्षको नामः
ठेगानाः
सम्पर्क नं.
समूहको नामः
समूहको छापः

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

## अनुसूची-२

(परिच्छेद ३ को दफा ५ सँग सम्बन्धित)

कृषक समूहको नामः

समूह गठन मितिः

ठेगानाः जिल्लाः म्याग्दी न.पा/गा.पाः धवलागिरी गाउँपालिका वडा नं.........टोलः ......................

समूहमा सदस्य संख्याः महिलाः............. पुरूषः................ जम्माः.................

गठित समूहको किसिमः बहुद्देश्यीय/एकल उद्देश्यीय एकल उद्देश्यीय भएः............................

मासिक बचत प्रति सदस्य प्रति महिनाः....................

<u>समूह सदस्यहरूको विवरण</u>

| क्र.सं. | सदस्यको नामथर | पद | लिङ्ग (म./पु.) | उमेर (वर्ष) | जग्गा क्षेत्रफल | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

मोति प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

अनुसूची-३

(परिच्छेद ३ को दफा ८ सँग सम्बन्धित)

पहिलो पेज

धवलागिरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मुना,म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

दर्ता नं.

दर्ता मितिः

कृषक समूह दर्ता प्रमाण-पत्र

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्‍याउने उद्देश्यले म्याग्दी जिल्लाको धवलागिरी गाउँपालिका वडा नं स्थान .............................. मा गठित श्री.........................मा मिति.........

पत्र प्रदान गरिएको छ । कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण

कृषि शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

पछाडिको पेज

| क्र. | नवीकरण गर्ने कार्यालय प्रमुखको नाम | नवीकरण मिति | | रसिद नं. | नवीकरण गर्ने कार्यालय प्रमुख दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले

मोति प्रसाद अर्याल

प्रमुख प्रशासकीय अधिकृत